नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

भोटेकोशी बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधि: २५ आश्विन २०८३
प्रतिवेदन नं : ४४

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल वटा ० केस रिपोर्ट भएका छन्:
    - 0 वटा Fever
    - 0 वटा Fever with Cough
    - 0 वटा Fever with Rash
    - 0 वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान तथा अनुगमन कार्य भइरहेको
- सरकारले बाढी प्रभावित परिवारको आवश्यकता र प्राथमिकताका आधारमा अस्थायी आवास तथा वैकल्पिक बसोबासको व्यवस्था अघि बढाएसँगै होल्डिङ सेन्टरमा बसोबास गर्ने विस्थापित परिवारको सङ्ख्या घट्दै गएको छ। हाल होल्डिङ सेन्टरमा रहेका परिवारहरूका लागि छुट्टाछुट्टै टेन्टको व्यवस्था गरिएको छ भने टेन्टबाट अर्धस्थायी संरचनातर्फ स्थानान्तरण गर्ने प्रयाससमेत भइरहेको छ।
- विस्थापित जनसङ्ख्याको बसोबास र आवागमनमा आएको परिवर्तनलाई मध्यनजर गर्दै प्रकोपजन्य रोगहरूको निगरानी तथा शीघ्र पहिचानका लागि होल्डिङ सेन्टरबाट अन्य स्थानमा सरेका प्रभावित

परिवारहरूमा समेत रोग निगरानीको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थामार्फत केस रिपोर्टिङ तथा सम्भावित प्रकोपको समयमै पहिचान र प्रतिकार्यलाई निरन्तरता दिइएको छ।

मनोसामाजिक परामर्श

- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका विभिन्न होल्डीङ्ग केन्द्रमा बाढी प्रभावित व्यक्तिहरु लाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।



MHPSS/PFA SERVICE DELIVERED (DATEWISE)
1022
77
668
422
514
460
650
1031
729
609
600
532
632
722
450
427
313
524
386
483
283
247
276
577
335
590
144
58
68
168
246
184
198
498
330
63
148
320
322
559
116
287
22
2083 Bhadra…
2083 Bhadra 14
2083 Bhadra 15
2083 Bhadra 16
2083 Bhadra 17
2083 Bhadra 18
2083 Bhadra 19
2083 Bhadra 20
2083 Bhadra 21
2083 Bhadra 22
2083 Bhadra 23
2083 Bhadra 24
2083 Bhadra 25
2083 Bhadra 26
2083 Bhadra 27
2083 Bhadra 28
2083 Bhadra 29
2083 Bhadra 30
2083 Bhadra 31
2083 Asoj 1
2083 Asoj 2
2083 Asoj3
2083 Asoj 4
2083 Asoj 5
2083 Asoj 6
2083 Asoj 7
2083 Asoj 8
2083 Asoj 9
2083 Asoj 10
2083 Asoj 11
2083 Asoj 12
2083 Asoj 13
2083 Asoj 14
2083 Asoj 15
2083 Asoj 16
2083 Asoj 17
2083 Asoj 18
2083 Asoj 19
2083 Asoj 20
2083 Asoj 21
2083 Asoj 22
2083 Asoj 23
2083 Asok 24

खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग निगरानी अद्यावधिक:

- रसुवामा हालसम्म १६,७५६ जना र नुवाकोटमा ५२,०७८ जना (ले मुखबाट खुवाइने हैजाविरुद्धको खोप (OCV) लिइसक्नुभएको छ। (क्रमशः ५३.२४% र ६७.६१% कभरेज)।

Districts	Municipality Name	Target Population	Vaccination Progress				Total	Grand Total (%)
			1 – 5 years		5 years and above			
			Female	Male	Female	Male		
Rasuwa	Gosaikunda Rural Municipality	7263	83	96	1408	1462	3049	53.24
	Uttargaya Rural Municipality	8139	122	124	1883	1611	3740	
	Amachodigmo Rural Municipality	6356	138	185	1565	1576	3464	
	Kalika Rural Municipality	9716	226	234	3226	2817	6503	
	Total	31474	569	639	8082	7466	16756	
Nuwakot	Bidur Municipality	59254	1020	1135	17698	15739	35592	67.61
	Belkotgadhi Municipality	10527	330	391	5460	4360	10541	
	Kispang Rural Municipality	3099	40	49	1018	984	2091	
	Tarkeshwor Rural Municipality	4151	74	100	2097	1583	3854	
	Total	77031	1464	1675	26273	22666	52078	

बुढीगण्डकी नदीमा आएको बाढीसम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य तथा समन्वय

- स्वास्थ्य सेवा विभागले बुढीगण्डकी बाढी प्रभावित क्षेत्रको अवस्थाबारे नियमित जानकारी लिने तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी परिस्थितिको निरन्तर अनुगमन गरिरहेको छ।
- प्रभावित समुदायमा आवश्यक स्वास्थ्य सेवा तथा आकस्मिक उपचारको उपलब्धता सुनिश्चित गर्न, स्वास्थ्य संस्थाको सेवा प्रवाह सुनिश्चित गर्न र आवश्यक प्राविधिक तथा स्वास्थ्य सामग्री सहयोगका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।